# साना तथा मझौलास्तरका उद्योगका लागि व्यावसायिक सामाजिक उत्तरदायित्वबारे एक परिचय

# Introduction to Corporate Social Responsibility for Small & Medium-Sized Enterprises

NBI

corporate
social
responsibility

An initiative of the European Commission
Directorate-General for Enterprise

# साना तथा मझौलास्तरका उद्योगका लागि व्यावसायिक सामाजिक उत्तरदायित्वबारे एक परिचय

## नेपालका साना तथा मझौला उद्योगका लागि जिम्मेवार उद्यमशीलता

एक व्यस्त व्यवसायीका रुपमा तपाई आफ्नो व्यवसायको दीर्घकालिन प्रतिस्पर्धात्मक क्षमता र व्यवसायको निरन्तरता कसरी सुनिश्चित् गर्नुहुन्छ ? ग्राहकहरुलाई सेवा प्रदान गरेर ? नयाँ–नयाँ उत्पादन तथा सेवाको विकास गरेर ? नयाँ क्षेत्रलाई प्रबर्द्धन गरेर ? अथवा, मुख्यतयः व्यवसायबाट बढी मुनाफा कमाएर ? व्यवसायको निरन्तरता र दीर्घकालिन प्रतिस्पर्धात्मक क्षमताको अभिवृद्धि सुनिश्चित् गर्ने यी सबै रोजाईहरु तपाई व्यावसायिक सामाजिक उत्तरदायित्व- वा भनौं जिम्मेवार उद्यमशिलता, को माध्यमबाट हासिल गर्न सक्नु हुन्छ ।

"जिम्मेवार उद्यमशिलता" भन्नाले आफ्नो व्यवसायको सञ्चालनमा सामाजिक तथा वातावरणीय विषयहरुलाई समावेश गरी त्यसबाट आर्थिक सफलता सुनिश्चित् गर्ने प्रक्रिया भन्ने बुझिन्छ । तपाईको आफ्नो व्यवसायसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहेका कर्मचारीहरु, सप्लायर्सहरु तथा समाजका अन्य सरोकारवालाहरुको आकांक्षा सम्बोधन गर्दै आफ्ना ग्राहकहरुलाई सन्तुष्ट पार्नु नै "जिम्मेवार उद्यमशिलता" हो । जिम्मेवार उद्यमशिलताको माध्यमबाट तपाई समाजमा सकारात्मक योगदान पुऱ्याउन सक्नुहुन्छ । साथै तपाईको व्यवसायसँग सम्बन्धित विभिन्न बाह्य एवं आन्तरिक वातावरणीय प्रभावहरुको पनि व्यवस्थापन गर्न सक्नु हुन्छ । जसबाट तपाईको व्यवसायलाई प्रत्यक्ष लाभ र दीर्घकालिन प्रतिस्पर्धात्मक क्षमता पनि अभिवृद्धि गर्न सकिन्छ ।

नेपालको सन्दर्भमा, जिम्मेवार उद्यमशिलताले द्वन्द्व व्यवस्थापन, सामाजिक स्थायित्व, आर्थिक-सामाजिक विकास, र सशक्त व्यवसायिक वातावरण सिर्जना गर्नमा थप भूमिका खेल्दछ । आफ्नो व्यवसायसँग आबद्ध विभिन्न सरोकारवालाहरु, जस्तै, कर्मचारी, समुदाय, ग्राहकवर्ग, आपूर्तिकर्ता, सरकार, नागरिक समाज आदि, को चाहना र सरोकारलाई सम्बोधन गर्दा उनीहरुसँगको सम्बन्ध र आपसी सहयोग अझ सुमधुर हुन जान्छ । यसबाट व्यवसायीको साखमा प्रत्यक्ष वृद्धि भई समाजका अन्य सदस्यहरुबाट पनि व्यवसायीले सहयोग र सद्भाव प्राप्त गर्न सक्ने वातावरण तयार हुन्छ । मुलुकको समस्त निजी क्षेत्रले जिम्मेवारपूर्ण व्यवसायिक अभ्यासलाई अंगिकार गरेमा त्यसले नेपालमा अन्यायपूर्ण सामाजिक-आर्थिक विकास, विभेदकारी तथा पाखा लगाउने प्रवृत्ति, बेरोजगारी र गरिबी, भ्रष्टाचार र सामाजिक सेवाको कमीमा आधारित दीर्घकालिन द्वन्द्वलाई सम्बोधन गर्ने दिशामा ठोस योगदान पुऱ्याउन सक्छ ।

यी मुद्दाहरुलाई सम्बोधन गरी मुलुकमा सामाजिक स्थायित्व तथा आर्थिक वातावरण निर्माण गर्न तपाई जस्ता उद्यमी-व्यवसायीले योगदान गर्न सक्छन् । विगतमा उद्यमी व्यवसायीहरुले दीर्घकालिन द्वन्द्वको मूल्य कति महंगो र असह्यै हुन्छ भनेर अनुभव गरिसकेका छन् । त्यसैले जिम्मेवारपूर्ण व्यवसायीक अभ्यासलाई आफ्नो व्यवसाय संचालनमा अंगिकार गरेर उद्यमी-व्यवसायीहरुले आफ्नै हित सुनिश्चित गर्न सक्छन् । आफ्नो व्यवसायको स्थायित्व सुनिश्चित् गर्न, प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्न र निरन्तरता प्रदान गर्न पनि जिम्मेवार उद्यमशीलता अति नै जरुरी छ ।

### १. तपाईले जिम्मेवार उद्यमी किन बन्नुपर्छ त ?

जिम्मेवार उद्यमशिलता व्यवसायसंग प्रत्यक्ष र अप्रत्यक्ष रुपमा संलग्न व्यक्तिहरुको विश्वास जितेर समाजमा आफ्नो प्रतिष्ठा स्थापित गरी आर्थिक सफलता हासिल गर्नु हो । ग्राहकहरु गुणस्तरीय उत्पादन तथा सेवा

प्रदायकसंग कारोबार गर्न चाहन्छन् भने आपूर्तिकर्ताहरु त्यस्तो ग्राहकलाई बिक्री गर्न चाहन्छन्, जो दोहोर्‍याएर खरिदका लागि आउँछन् र समयमैं भुक्तानी गर्दछन् । त्यस्तै समुदाय पनि तपाईको व्यवसाय सामाजिक तथा वातावरणीय मामिलामा जिम्मेवार छ भन्ने बारे ढुक्क हुन चाहन्छन् । कर्मचारीहरु त्यस्तो कम्पनीका लागि काम गर्न चाहन्छन्, जसले सुरक्षित रोजगारी, पर्याप्त तलब र असल कार्यथलो वातावरणको सुनिश्चितता गर्छन् ।

जिम्मेवार उद्यमशिलता भनेको कुनै नौलो कुरा होइन । खासगरी सानास्तरका व्यवसायीहरु सँधै तीनका समुदायसंग निकट हुन्छन र समाजमा एउटा असल व्यवसायिक नागरिकका रुपमा रहन चाहन्छन् । वास्तवमा, धेरै उद्यमीहरुले भित्रैदेखि बुझेका छन् कि ग्राहकको सेवा गर्नु, कर्मचारीको मनोबल उच्च राख्नु, सप्लायर्सहरुको ख्याल गर्नु, असल छिमेकी बन्नु र वातावरणको संरक्षण गर्नु आफ्नै हित गर्नु हो ।

तर विगत केही वर्षहरुमा भने जिम्मेवार उद्यमशिलताका लागि ग्राहक, स्थानीय समुदाय, नियमनकर्ता, बैंक, ऋणदाता तथा विमकहरुबाट आउने दबाब आउन थालेको देखिन्छ । नेपालमा व्यवसायीहरुलाई स्थायित्व, शान्ति र सशक्त व्यवसायिक वातावरणका लागि पहल गर्न दबाव आएको पाइन्छ । बजारमा प्रतिस्पर्धी रहीरहन व्यवसायीहरुले बजार र समाजबाट आउने यस्ता नयाँ–नयाँ मागहरुलाई आत्मसात् गर्न सक्नुपर्छ । यस कार्यमा ठूल–ठूला उद्योगहरुभन्दा साना तथा मझौला उद्योगहरु बढी सक्षम देखिन्छन् । साना तथा मझौला उद्योगहरु लचिलोपना तथा उनीहरुको संरचनाले गर्दा यस्ता परिवर्तनहरुलाई सजिलै अंगिकार गर्न सक्छन् ।

## जिम्मेवारपूर्ण व्यापारिक अभ्यासको प्रयोग गरेर नेपाली उद्यमी व्यवसायीहरुले कसरी फाइदा लिन सक्लान् त ?

### शिक्षित, उत्साहित र विश्वासिला कर्मचारीहरु

कर्मचारीहरुलाई उचित ज्याला, पारदर्शीता, व्यवस्थापन र कर्मचारीबीच मैत्रीपूर्ण वातावरण तथा अन्य थप सुविधाहरु (जस्तै शिशु स्याहार केन्द्र, यातायात, स्वास्थ्य सुविधा) उपलब्ध गराएर कर्मचारीहरुको मनोबल, उनीहरुको काम प्रतिको लगाव एवं उनीहरुको विश्वासमा थप अभिवृद्धि गर्न सकिन्छ । यसले व्यवस्थापन र कर्मचारी बीच आउन सक्ने वादविवाद, मनमुटाव जस्ता समस्याहरुले विकराल द्वन्द्वको रुप लिनु भन्दा अगावै शान्तिपूर्ण रुपमा समाधान गर्न सकिन्छ । साथै उच्च मनोबल र सन्तुष्ट कर्मचारीहरुबाट वादविवाद एवं मनमुटाव जस्ता समस्याहरुको समाधानका लागि ठोस सुझावहरु उपलब्ध हुन सक्ने भएकोले यसबाट उद्यमी व्यवसायीको विज्ञ/परामर्श सेवामा लाग्ने खर्च पनि बच्न जान्छ । कार्यस्थलमा काम गर्ने सुरक्षित वातावरण स्थापित गर्नु र विमाका योजनाहरु लागू गर्नु व्यवसायमा हुन सक्ने जोखिम व्यवस्थापनका उपायहरु हुन् ।

### सामुदायिक सम्बन्ध

व्यवसायीले सम्भव भएसम्म स्थानीय स्तरबाटै जनशक्ति भर्ना गरी स्थानीय समुदायको भरपर्दो सहयोग र सद्भावबाट आफ्नो व्यवसायको विकास तथा स्थायित्व सुनिश्चित् गर्न सक्छ । त्यसैगरी स्थानीय निकाय तथा नागरिक समाजद्वारा पहल गरिएका विभिन्न कार्यक्रमहरुमा आफ्नो व्यवसायलाई पनि सकारात्मक असर पार्ने गरी भौतिक पूर्वाधार विकास, सामाजिक सेवाहरु र वातावरणीय अवस्थाहरुमा लगानी गर्न सकिन्छ । व्यवसायले कति आय आर्जन गर्छ, कति कर तिर्छ, कति स्थानीय योजनाहरुका लागि खर्च गर्छ जस्ता कुराहरु स्थानीय समुदायलाई जानकारी दिने गर्नुपर्छ ।

## सप्लायर्स सम्बन्धी

स्थानीय एवं राष्ट्रिय सप्लायर्स एवं उत्पादनकर्ताहरुसंग व्यापारिक सम्बन्ध राखेर तपाई नेपालमैं पूँजी विकास गर्नमा योगदान गर्न सक्नुहुन्छ। स्थानीय आपूर्तिकर्ताहरुलाई गुणस्तरीय सामान उत्पादन, त्यसको स्तरीय प्रक्रिया तथा समयमै उपलब्ध गराउन सक्ने दक्षता अभिवृद्धि गर्न सघाउनु तपाईको आफ्नै हितमा हुनसक्छ। कतिपय अवस्थामा आफ्नै प्रतिस्पर्धीसँग पनि सहकार्य गर्न सकिन्छ। आफ्ना उत्पादनहरुमा न्यूनतम गुणस्तर र मूल्यबारे छुट्टै मापदण्ड स्थापित गर्न सकिन्छ जसबाट सामाजिक वा वातावरणीय दुरुपयोग, खस्कँदो गुणस्तर तथा अस्वस्थ प्रतिस्पर्धालाई रोक्न सकिन्छ।

## ग्राहक सन्तुष्टि

व्यवसायमा पारदर्शीता जस्ता जिम्मेवारपूर्ण व्यवसायिक अभ्यास गरेर आफ्ना ग्राहकहरुको विश्वास जित्नु होस्। यसैगरी व्यवसायको प्रचारप्रसारका लागि वैकल्पिक बजारीकरण रणनीतिहरु जस्तैं असल उद्देश्यका लागि गरिएको गतिविधिमा प्रायोजन, व्यवसायको सामाजिक योजनाबारे सूचना संप्रेशण, प्याकेजिङ तथा कम्पनीको जानकारी पत्र (ब्रोसर) पनि प्रयोग गर्नु होस्। उर्जामैत्री, प्राङ्गारिक उत्पादन, स्वस्थ, पुनःप्रयोगिय उत्पादनहरु प्रवर्द्धन गरी प्रतिस्पर्धात्मक क्षमता हासिल गर्नु होस। साथै आफ्ना ग्राहकहरुबाट पनि सुझावहरु प्राप्त गर्नु होस्।

## वातावरण

उर्जामैत्री प्रविधि तथा पुनःप्रशोधित उर्जाको प्रयोगमार्फत् खर्च कटौती गर्नुहोस्। अनाबश्यक बत्ति बन्द गरेर, तथा उर्जा बचत गर्ने उपाय कर्मचारीहरुलाई सिकाएर पनि बचत गर्न सकिन्छ। आफ्ना कर्मचारीहरुलाई कच्चापदार्थको प्रयोगबारे राम्रोसँग प्रशिक्षित गर्ने र साथै आवश्यक पदार्थको पुनःप्रयोग कसरी गर्नेबारे प्रशिक्षित गर्न सकिन्छ। कर्मचारीहरुको राम्रो स्वास्थ्यका लागि सफा पिउने पानी कति महत्वपूर्ण हुन्छ र त्यसले अन्ततः उनीहरुको उत्पादनसिलतामा कति फरक पार्छ भन्ने कुरा तपाईलाई राम्रोसँग थाहा भएकै हुनुपर्छ। तर, के तपाईका कर्मचारीहरुलाई पनि यो थाहा छ त ? धारा वा अन्य पानीका स्रोतहरुलाई कसरी सफा राख्ने भन्नेबारे उनीहरुलाई जानकारी दिनुहोस्। तपाईको व्यवसाय पर्यटन वा होटेलसँग सम्बन्धित छ भने त तपाईले पक्कैपनि राम्रोसँग बुझेकै हुनुपर्छ कि तपाईको व्यवसायलाई टिकाउन सफा र प्रदुषणरहित वातावरण अनिवार्य हुन्छ। यी यथार्थलाई मध्यनजर गरी तपाईका सबै कामहरु सोहीअनुसार भएको छ भन्ने कुराको निश्चित् गर्नुहोस्। तपाईको व्यवसाय सञ्चालनमा रहेको स्थानका समुदायलाई पनि तपाईको यो प्रयासमा कसरी र किन उनीहरुले सघाउनुपर्छ भन्ने जानकारी प्रदान गर्नुहोस्।

## शान्ति र स्थायित्व

तपाईको व्यवसाय र समग्र निजी क्षेत्रले समाजमा पारेको सकारात्मक प्रभावबारे आमसमुदायलाई जानकारी प्रदान गरेर तपाईले राम्रो प्रतिष्ठा र सहयोग हासिल गर्न सक्नुहुन्छ। तपाईले जुन बेला जिम्मेवारपूर्ण व्यवसायिक अभ्यासहरुलाई अंगिकार गर्नुहुन्छ तब तपाईले प्रदान गर्ने कर, न्यायोचित ज्याला र सेवा-सुविधामार्फत् समावेशी आर्थिक विकासमा महत्वपूर्ण योगदान दिन सक्नुहुन्छ। त्यसैगरी, जनशक्ति भर्नामा समावेशी अभ्यास, भौतिक पूर्वाधार विकासका गतिबिधिले समुदायको समग्र विकास र संस्थाको आफ्नै हितका लागि पनि उत्तिकै फलदायी हुन्छ।

## २. व्यवहारमा जिम्मेवार उद्यमशिलता भन्नाले के बुझिन्छ ?

सामाजिक तथा वातावरणीय मुद्दाहरुलाई आफ्नो व्यवसाय सञ्चालनमा समाहित गर्नु नै जिम्मेवार उद्यमशिलता हो । यदि तपाईले यस्ता मुद्दाहरुलाई पहिलोपटक आफ्नो व्यवसाय संचालनमा समाहित गर्दै हुनुहुन्छ भने तपाईले सानो कुराबाट शुरुवात गर्नु राम्रो होला । त्यसो गर्दा तत्काल तपाईको व्यवसायसँग सान्दर्भिक हुने र हासिल गर्न सकिने विषयमा केन्द्रित रहनु उचित हुन्छ । साथै, तपाई के गर्दै हुनुहुन्छ भन्ने कुरा सर्वसाधारणलाई भन्न नबिर्सनुहोस् । (हेर्नुहोस् प्रचार प्रसार निर्देशिका)

सबै मुद्दाहरुलाई एकैचोटि सम्बोधन गर्न आवश्यक छैन र कहिलेकाहिं सम्भव पनि हुदैन । गतिबिधिहरुलाई महत्वअनुसार प्राथमिकतामा राख्ने र संस्थाको उद्देश्य र लक्ष्यबमोजिम सबैभन्दा बढी सान्दर्भिक विषयमा तपाईका प्रयत्नहरुलाई केन्द्रित गर्दा राम्रो परिणाम हासिल गर्न सकिन्छ । आफ्नै परिस्थिति र वातावरणमा रहेका चुनौतिअनुसार तपाईका प्राथमिकतामा फरक पर्नसक्छ ।

शुरुमा तपाई आफ्ना कर्मचारी र समुदायको बीचमा सम्बन्ध सुधारको लागि पहल गर्न सक्नुहुन्छ । पछि, तपाईको सरोकारवालाको आर्थिक अवस्था र प्राथमिकताहरु परिवर्तन हुँदै जाँदा तपाईको वरिपरी र आफ्नो व्यवसायको लागि पनि अरु नै मुद्दाहरु बढि महत्वपूर्ण लाग्न सक्छन् र त्यसैपट्टि ध्यान केन्द्रित गर्न सक्नुहुनेछ । उदाहरणको लागि तपाईले एउटा निर्यातको बजारलाई लक्ष्य बनाएपछि प्राङ्गारिक उत्पादनले प्रतिस्पर्धात्मक फाईदा दिन सक्छ । जीवनस्तरमा आएको सुधार सँगसँगै वातावरणीय मुद्दाहरु पक्कै पनि अझ ठूलो मुद्दाको रुपमा आउँछन् । जव तपाईलाई ठूलो लगानीको आवश्यकता हुन्छ त्यसबेला लिपीबद्ध र विस्तृत रिपोर्टिङको ठूलो महत्व हुन्छ । यिनीहरु केही उदाहरण मात्र हुन् । तपाईले आफुले पहिल्यै गरिसकेका काम र भविष्यमा निरन्तरता दिन चाहेका कुराहरु ध्यानमा राखेर काम शुरु गर्नुपर्छ ।

### उत्तरदायी व्यवसायिक अभ्यासहरु/जिम्मेवार व्यापारिक अभ्याससम्बन्धी पहलहरु

- जिम्मेवार व्यापारिक अभ्यास व्यवसायिक कार्यहरु हुन् न कि कल्याणकारी (च्यारिटी) कार्य । उक्त कार्यहरु व्यवसायको मुख्य कार्यसँग सम्बन्धीत हुनै पर्दछ ।
- भविष्यको लागि तपाईको व्यवसायको लगानी हो ।
- कसरी पैसा खर्च गर्ने भन्दा पनि कसरी पैसा कमाउने भन्ने कार्य हो ।
- कुनै एक स्तरीय साधन होइन बरु यसलाई व्यवसायिक वातावरण अनुसार रचनात्मक र अन्तरक्रियात्मक प्रक्रियाबाट विकसित गर्दै लानु पर्दछ ।
- व्यवसाय तथा यसका सरोकारवालाहरुको लागि भलाई हुने उपायहरु पत्ता लगाउने कार्य हो ।
- व्यवसायको आर्थिक, सामाजिक र वातावरणीय स्थायित्व हो ।
- यी सामान्यतया: 'कानुनी दायरा भन्दा पनि माथि'का पहलहरु हुन् भनेर परिभाषित गरिन्छ, तर विकासशील अर्थतन्त्रको सन्दर्भमा भने यसले 'कानुनी दायरा तर्फ'को पहल पनि हो ।
- सबै आकार र क्षेत्रगत् कम्पनीहरुको लागि महत्वपूर्ण हुन्छन् ।
- जिम्मेवार व्यवसायिक अभ्यास गर्नु भनेको व्यवसाय सँगसँगै समुदाय र वातावरणलाई पनि हुर्कन दिनु हो ।

## ३. उत्तरदायी उद्यमशीलता : संलग्नताका तह र प्रकारहरु

### व्यक्तिगत संलग्नता

जिम्मेवार व्यापारिक अभ्यासका आफ्नो रणनीति तयार पार्दा तपाईले,

- मुख्य चुनौतिहरुको आंकलन गर्ने,
- व्यवसायको लागि सबभन्दा नजिकको सरोकारवालाको पहिचान गर्ने,
- हाँसिल गर्न चाहेको परिणामलाई परिभाषित गर्ने,
- पहिलै देखि गर्दै आएका क्रियाकलापहरुको सूची बनाउने,
- बिचार र योजना पक्का गर्न सरोकारवालासँग परामर्श गर्ने,
- कुन स्रोत परिचालन गर्न चाहनुभएको छ त्यसको निर्णय गर्ने (केही उदाहरणहरु तल हेर्नुस्),
- रणनीति, विस्तृत क्रियाकलाप, सम्बन्धीत कर्मचारी, सहयोगी संघसंस्थाहरु, समयसिमा, संचार रणनीति आदि लगायत तयार पार्ने ।

### समन्वयकारी संलग्नता

कतिपय व्यावसायिक सामाजिक उत्तरदायित्वसम्बन्धी पहलहरु एकलै गर्दा भन्दा सहकार्यमा गर्दा प्रभावकारी हुन्छ । उदाहरणको लागि पुर्वाधार या शिक्षा सुधारको लागि एउटा समुदायभित्रका सबै जसो व्यवसायीहरु ईच्छुक हुनसक्छन् । अरु विषयहरु जस्तै व्यावसायिक तालिम वा क्षेत्रगत् गुणस्तर/कार्यस्तर उपभोग्य वस्तुसम्बन्धी संघमार्फत् गर्न सकिन्छ । एक-आपसमा हातेमालो परिणाम राम्रो र ठूलो हुन्छ । आफ्ना प्रतिस्पर्धीहरुसँग सहकार्य गर्दा अस्वस्थ प्रतिस्पर्धा हुन नदिन र गुणस्तरीयता कायम गर्न गरेको सहकार्य र गैरकानुनी सम्झौताको जोखिम बीचमा हुने मसिनो रेखाको तपाईले पक्कै पनि ख्याल राख्नुपर्दछ । तर यदि तपाईको नियत राम्रो छ र सहकार्य पारदर्शी छ भने तपाईले पक्कै पनि राम्रो परिणाम हाँसिल गर्न सक्नुहुन्छ ।

सम्भव भएसम्म धेरै कर्तालाई संलग्न गराउनुपर्छ । यसले तपाईको आफ्नो पहल, धेरै कर्ताहरुको प्रतिबद्धतालाई अझ बढि शक्ति दिन्छ । र, तपाई आफ्नो पहलको समुदायका बढि भन्दा बढि सरोकारवालाहरु, ग्राहकवर्ग र सरकारी निकायसमक्ष संचार गराउनुहोस् ताकि यसले तपाईको कामलाई कानुनी र नैतिक मान्यता दिलाउँछ ।

### नीतिगत संलग्नता

कुनै मुद्दाहरु यस्ता हुन्छन् जसले अस्वस्थ प्रतिस्पर्धा हुन नदिन र उत्पादित वस्तुको स्तर र मुल्य घट्न नदिन राष्ट्रिय कानुनी व्यवस्था (अनि त्यसको कार्यान्वयन)को आवश्यकता पर्दछ । स्वस्थ प्रतिस्पर्धा हुने राष्ट्रिय अवस्थाको सृजना गर्नाले समाजको पनि कल्याण हुन्छ । उदाहरणको लागि, कुनै क्षेत्रगत् वा राष्ट्रिय कर वा श्रम सम्बन्धी मुद्दाहरु, उत्पादित वस्तुको सुरक्षा नियमावली, उत्पादनको अवस्थामा स्वस्थ तथा सुरक्षित व्यवस्था आदि ।

तपाई आफ्नो पहललाई समावेशी बनाउन प्रतिबद्ध रहनुहोस् – धेरै भन्दा धेरै कर्ताहरुको सहभागिताले विस्तृत अपनत्वको भाव जगाउँछ जसले गर्दा सफल हुने सम्भावना पनि बढ्छ । सबै सरोकार कर्ताहरुसँग खुल्ला संचारको अवस्था हुनपर्छ ।

### विभिन्न प्रकारका संलग्नता

उदाहरणमा देखाएजस्तो एउटा जिम्मेवार उद्यमी बन्नको लागि धेरै पैसा खर्च गर्नैपर्छ भन्ने हुँदैंन । कतिपय अवस्थामा गैर-आर्थिक कामले पनि राम्रो परिणाम दिन सक्छ । यसका केही उदाहरणहरु निम्नानुसार छन् :

- प्रायोजन गर्नको लागि बजेट छुट्याउने
- पुर्वाधार निर्माणको पहलको लागि प्राविधिक सहयोग गर्ने
- विद्यालय र अस्पतालको लागि विभिन्न सामग्री प्रदान गर्ने
- युवा उद्यमीको लागि पैसाको निकासा
- आफ्ना ग्राहकहरुले भनेको कुरा सुन्न समय निकाल्ने
- समुदायस्तरका आयोजनाहरुलाई सरसल्लाह दिने
- स्थानीय गैरसरकारी संस्थालाई जनशक्ति दिने
- आपूर्तिकर्तालाई तालिम दिने
- स्थानीय सहकारीलाई व्यवस्थापकीय सीप सिकाउने
- आफ्ना कर्मचारीहरुलाई जानकारी दिने तथा पारदर्शी हुने
- सांसदहरुलाई समावेशी आर्थिक विकासको लागि आवश्यक सल्लाह दिने
- शैक्षिक पहलको लागि घुम्ती (रिभल्विङ) कोष
- स्वास्थ्य र सुरक्षा सल्लाहकारको तालिमको लागि केही कोर्षको व्यवस्था
- आफ्ना कर्मचारीको कुराहरु सुन्ने
- फोहोर व्यवस्थापन वा पुनःप्रशोधन प्लान्ट स्थापनाको लागि लगानी
- कर्मचारी भर्ना नीतिलाई समावेशी बनाउन यसको समय-समयमा हेरफेर गर्ने
- कर्मचारी कल्याणकारी कोषको शुरुआत्

## ४. जानकारीका स्रोतहरू

### युरोपेली स्रोतहरू

डाईरेक्टोरेट जेनरल फर ईन्टरप्राईज, युरोपेली आयोग
ईमेल : entr-csr@cec.eu.int

व्यावसायिक सामाजिक उत्तरदायित्वसम्बन्धी वेबसाईटः
http://www.europa.eu.int/comm/enterprise/csr/index.htm

साना तथा मझौला उद्यमीको लागि जिम्मेवार उद्यमशीलता
http://www.europa.eu.int/comm/enterprise/entrepreneurship/support_measures/responsible_entrepreneurship/index.htm

युरोचेम्बरस्
ईमेल : eurochambres@eurochambres.be

व्यावसायिक सामाजिक उत्तरदायित्वसम्बन्धी वेबसाईट :
http://www.eurochambres.be

यु ई ए पी एम ई
ईमेल : csr@ueapme.com

व्यावसायिक सामाजिक उत्तरदायित्वसम्बन्धी वेबसाईट :
htpp://www.ueapme.com/EN/policy_enterprise_csr.shtml

## नेपाली स्रोतहरू

### राष्ट्रिय व्यावसायिक पहल (NBI), काठमाडौं

### सोसल्ली रेस्पोसिवल बिजिनेस डेभलपमेन्ट नेटवर्क, काठमाडौं

यो निर्देशिका व्यावसायिक सामाजिक उत्तरदायित्वसम्बन्धमा पान-युरोपेली संचेतना जगाउने अभियानको एउटा अंशको रुपमा प्रकाशित गरिएको छ । यो अभियान युरोपेली आयोगको उद्यमी सम्बन्धी महानिर्देशकको पहल हो । यसको नेपाली भाषामा अनुवाद र छपाइको कामलाई युरोपेली आयोगको काठमाडौं कार्यालयले सहयोग जुटाएको हो ।

## नेपाली सन्दर्भमा सुहाउने गरि, अनुवाद र छपाइ गर्ने

राष्ट्रिय व्यावसायिक पहल (NBI), काठमाडौं
पो. ब. नं. २४२४७
चेम्बर भवन, जमल
काठमाडौं, नेपाल
फोन : ००९७७ १ ४२३ ०९ ४७
फ्याक्स : ००९७७ १ ४२२ ९९ ९८
इमेल : info@nbinepal.org.np
वेवसाईट : www.nbinepal.com.np

## In collaboration with

European Union
Delegation of the European Commission to Nepal
Uttardhoka Sadak, Lainchaur
Kathmandu, Nepal
P.O. Box 6754
Tel.: +977 1 442 9445
website: www.delnpl.ec.europa.eu

NBI राष्ट्रिय व्यावसायिक पहल
corporate social responsibility
An initiative of the European Commission
Directorate-General for Enterprise